**१. राष्ट्रिय कविता महोत्सव २०७७ मा प्रथम हुन सफल प्रतिभा को हुनुहुन्छ ?**

□ नुवाकोटकी भैरवी भूगोल ।

– उहाँको कविता 'नेपालको गीत' ले प्रथम स्थान हासिल गर्न सफल भएको ।

– यस्तै, द्वितीय स्थान लमजुङका प्रज्ज्वल अधिकारीको कविता 'सङ्कल्प' ले हात पारेको । सोलुखुम्बुका गणेशप्रसाद खतिवडाको 'आमाको आदेश', दोलखाकी देवकी अभिलाषीको 'आमा एक विश्वविद्यालय' र तेह्रथुमकी रेजिना आपगाईंको 'समृद्ध नेपालको सपना' कविता तृतीय भएका ।

– प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार, द्वितीयलाई ४० हजार र तृतीयलाई ३० हजार रुपियाँ प्रदान गरिएको ।

**२. विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ कति कायम भएको छ ?**

८,८४८.८६ मिटर (२९,०३१.७ फिट) ।

– विक्रम संवत् २०७७ मङ्सिर २३ मा नेपाल र चीनद्वारा संयुक्त रूपमा नयाँ उचाइ सार्वजनिक गरिएको ।

– सगरमाथाको उचाइ नाप्न दुई देशले सहकार्य गरेका थिए ।

– विगत ६५ वर्षदेखि यसको उचाइ ८,८४८ मिटर वा २९,२८.८७ फिट स्वीकारिएको थियो ।

**३. राष्ट्रिय योजना आयोगले 'समृद्ध नेपाल सुखी नेपाली' को लक्ष्य प्राप्तिका लागि समृद्धि र सुखका कति–कति सूचक तय गरेको छ ?**

□ समृद्धि ः ३२ र सुख ः २३ ।

**४. इन्डोप्यासिफिक क्षेत्रअन्तर्गत कतिवटा देश पर्छन् ?**

२४ ।

**५. नेपालमै बनेको पहिलो विद्युतीय मोटरसाइकल कुन हो ?**

यात्री ।

**६. स्थानीय तह निर्वाचन–२०७५ मा निर्वाचित सबैभन्दा कम उमेरका स्थानीय तह प्रमुख को हुन् ?**

उदयकुमार यादव (२४ वर्ष), (सहिद नगरपालिका, सिरहा) ।

**७. नेपालकै पहिलो सहकारी गाउँका रूपमा घोषित गाउँ कुन हो ?**

चुहानडाँडा, तेह्रथुम ।

**८. सङ्घअन्तर्गत रहेका जिल्ला कार्यालयहरू स्थानीय तहमा हस्तान्तरण गर्ने निर्णय कहिले गरियो ?**

विसं २०७५ साउन १ ।

**९. हालै नासाका वैज्ञानिकहरूले अन्तरीक्षमा कुन बिरुवा उमारेका छन् ?**

मुला ।

– नासाका अन्तरीक्ष यात्री तथा फ्लाइट इन्जिनियर केट रुविन्सले पहिलोपटक इन्टरनेसनल स्पेस स्टेसनमा उमारिएको मुलाको फसल काटेका । केटले मुलाका २० बिरुवा प्याक गरी सन् २०२१ मा पृथ्वीमा ल्याउन कोल्ड स्टोरेजमा राखेको जनाएका ।

– नासाको यो प्रयोगको नाम 'प्लान्ट हेविटेट ०२' राखिएको ।

– यसअघि अन्तरीक्षमा गहुँ उमारिएको थियो ।

– फरक–फरक प्रकारका खाद्यान्न÷तरकारी उमारेर अन्तरीक्षमा कस्ताखालका बिरुवा उमार्न सकिन्छ । जुन लामो समयसम्म रहने अन्तरीक्ष यात्रीहरूका लागि उपयोगी बन्न सक्छ भन्ने कुराको परीक्षण भइरहेको बताइएको ।

**१०. जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता अनुमोदन गर्ने पहिलो सार्क राष्ट्र कुन हो ?**

माल्दिभ्स ।

– (नेपालले सन् २०१६ अक्टोबर २४ मा यो सम्झौता अनुमोदन गरेको ।)

**११. इन्च्योन रणनीति (२०१३–२०२२ के सँग सम्बन्धित छ ?**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ।

**१२. नेपाल सरकारले बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी कार्यालय कुन मन्त्रालयअन्तर्गत स्थापना गर्ने निर्णय गरेको हो ?**

अर्थ मन्त्रालय ।

**१३. सुगौली सन्धि गरिएको ठाउँ कहाँ पर्छ ?**

मकवानपुर ।

**१४. तमारा छोरी नामक नाच नेपालको कुन जिल्लामा प्रचलित छ ?**

लमजुङ ।

**१५. जैविक हतियार निधेषसम्बन्धी महासन्धिको नेपाल कतिऔँ पक्ष राष्ट्र हो ?**

१७७औँ ।

– (नेपालले विसं २०७३ कात्तिक १९ मा अनुमोदन गरेको ।)

**१६. पाउलो रोसी कुन खेलसँग सम्बन्धित खेलाडी हुन् ?**

फुटबल ।

– उनले सन् १९८२ मा इटालीलाई फुटबल उपाधि दिलाउन महŒवपूर्ण भूमिका निर्वाह गरेका ।

– एकै वर्ष गोल्डन बुट, गोल्डन बल तथा फिफा वर्ष खेलाडी हुने रोसी अहिलेसम्मकै एक्ला खेलाडी हुन् ।

– रोसीको ६४ वर्षको उमेरमा सन् २०२० डिसेम्बरमा निधन भएको ।

**१७. पर्यटनका लागि सँगसँगै भन्ने मूल नाराका साथ राजधानीमा सम्पन्न मिसेस नेपाल टुरिजम–२०२० को उपाधि जित्ने युवती को हुन् ?**

मनिता रिसाल बुढाथोकी (बाफल, काठमाडौँ) ।

– (त्यस्तै, मिस टिन टुरिजम–२०२० को उपाधि अस्मिता कालाखेतीलाई ।)

**१८. नेपालकै पहिलो मानवअधिकारमैत्री गाउँका रूपमा घोषित गाउँ कुन हो ?**

राँचुली गाउँ, कालीकोट ।

– (विसं २०७५ जेठ १७ मा घोषित) ।

**१९. सर्वप्रथम नगरगान घोषणा गर्ने नगरपालिका कुन हो ?**

तिलोत्तमा नगरपालिका (रूपन्देही) ।

**२०. नेपाल सरकारले एक्लै हिमाल आरोहण गर्न नपाइने व्यवस्था कहिले गरेको हो ?**

विसं २०७४ पुस १५ ।

**२१. अनुपम कारिगरीको नमुना शाश्वतधाम कहाँ पर्छ ?**

नवलपुर (नवलपरासी वर्दघाट–सुस्ता पूर्व) ।

**२२. नेपालमा इमेललाई सरकारी निकायमा कानुनी मान्यता प्रदान कहिले गरिएको हो ?**

विसं २०७५ कात्तिक २६ ।

**२३. विश्वकै दोस्रो लामो सुपरम्यान शैलीको जिपलाइनको निर्माण सुरु कहाँ गरिएको छ ?**

कुस्मा (पर्वत) ।

– कुस्मा नगरपालिका–५ मा पर्ने चाक्लेको डिलबाट कालीगण्डकीको गहिरो खोँच हुँदै साउने बगरसम्म १४ सय मिटर लम्बाइको जिपलाइन निर्माण गर्न लागिएको ।

– हार्नेस जिपलाइन प्रालिले निर्माण गर्ने सुपरम्यान शैलीको जिपलाइनसहितका साहसिक पर्यटकीय संरचनाको २०७७ मङ्सिर २६ मा शिलान्यास गरिएको ।

– सुपरम्यान शैलीमा निर्मित विश्वको सबैभन्दा लामो २८ सय मिटरको जिपलाइन दुबईमा रहेको ।

– क्लासिक जिपलाइनमा कुर्सीमा बसेजस्तै गरेर डोरीमा बगिन्छ भने सुपरम्यानमा सुपरम्यानजस्तै घोप्टो सुतेर गन्तव्यमा पुगिन्छ । नेपालमा क्लासिक शैलीका जिपलाइन योभन्दा लामो भए पनि सुपरम्यान शैलीमा यो विश्वकै दोस्रो लामो भएको जनाइएको ।

– निर्माण कम्पनीका अनुसार हावाको गति र खेलाडीको तौलमा जिपलाइनको गति भर पर्ने भए पनि जिपलाइनमा यात्रा सुरु गर्दा प्रतिघण्टा १ सय ३० किलोमिटर गतिमा बगेर गन्तव्य नजिकिँदै गर्दा बिस्तारै घट्दै जाने गर्छ ।

**२४. सन् २०२० डिसेम्बर १० मा मनाइएको ७२औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको नारा के हो ?**

रिकोभर बेटर ः स्टान्ड अप फर ह्युमन राइट्स् ।

– (राष्ट्रिय नारा ः महामारीमा मानवअधिकार ः स्वास्थ्य सेवामा सबैको पहुँच विस्तार) ।

**२५. नेपाल र अस्ट्रेलियाबीच हवाई सम्झौता कहिले भएको हो ?**

सन् २०१९ सेप्टेम्बर ३० ।

**२६. दुईवटै कृत्रिम खुट्टाको सहायताले सगरमाथाको सफल आरोहण गर्ने चिनियाँ नागरिक को हुन् ?**

जिया वोयू (सन् २०१८ मे १४) ।

**२७. विभाजित भएको करिब दुई वर्ष पुग्नै लाग्दा विवेकशील नेपाली दल र साझा पार्टीबीच पुन ः एकीकरण कहिले भएको हो ?**

विसं २०७७ मङ्सिर २४ ।

– मिलन पाण्डेले नेतृत्व गरेको विवेकशील र रवीन्द्र मिश्रले नेतृत्व गरेको साझा पार्टीबीच मङ्सिर २४ मा एकीकरणको औपचारिक घोषणा गरिएको । एकीकृत पार्टीको नाम विवेकशील साझा पार्टी र पुरानै निर्वाचन चिह्न तराजु रहेको ।

– एकीकृत पार्टीको अध्यक्ष मिश्र र संयोजक पाण्डे रहनुभएको ।

**२८. राष्ट्रिय योजना आयोगद्वारा २०७७ मङ्सिर २८ मा सार्वजनिक मानव विकास प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क कति रहेको छ ?**

०.५८७ ।

– नेपालको मानव विकास सूचकाङ्कको मूल्य ०.५८७ पुगेको छ । गत वर्ष यो ०.५७९ थियो । प्रतिवेदनअनुसार लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक असमानता सूचकाङ्क र मानव विकास सूचकाङ्कमा नेपाल दक्षिण एसियाका केही देशभन्दा नेपाल अगाडि रहेको छ । आय मापदण्डमा नेपाल पछाडि रहेको भए पनि मानव सम्पत्ति र आर्थिक जोखिम मापदण्ड भने पूरा भएको छ । यससँगै सन् २०२२ मा नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकको सूचीमा प्रवेश गर्न आधार तयार भएको छ ।

– विगत पाँच वर्षदेखि नेपाल मध्यम मानव विकासको सूचीमा रहेको छ । ०.५५० अङ्कभन्दा माथि ०.६९० सम्म एचडीआई हुनुलाई मध्यमस्तर मानिएको छ । सन् १९९८ देखि नेपालले मानव विकास प्रतिवेदन प्रकाशित गर्न थालेको हो ।

**२९. समयको सङ्क्षिप्त इतिहास नामक कृतिका लेखक को हुन् ?**

स्टेफन हकिङ ।

**३०. अन्तर्राष्ट्रिय उडानक्रममा हुने जोखिमबापत विदेशी र नेपाली यात्रुले पाउने बीमालगायतका सुविधा समान हुनेगरी मन्ट्रियल महासन्धि कहिलेदेखि लागू भएको हो ?**

विसं २०७५ मङ्सिर २९ (सन् २०१८ डिसेम्बर १५) ।

– नागरिक उड्डयनसम्बन्धी महŒवपूर्ण सो सन्धि मङ्सिर २९ देखि नेपाली वायु सेवा कम्पनी र यात्रुमा पनि लागू भएको । गत भदौ ७ गते नेपालको संसद्बाट 'अन्तर्राष्ट्रिय हवाई परिवहन विषयक नियमहरू एकीकरण गर्नेसम्बन्धमा व्यवस्था भएको महासन्धि' पारित भएको र सो महासन्धि नेपालले आइकाओमा बुझाएको ६० दिन भएपछि लागू भएको ।

– यसअघि नेपालले वार्सा महासन्धि र हेग प्रोटोकलअनुसार हवाई बीमा दाबी गर्नुपर्दा प्रतिव्यक्ति २० हजार अमेरिकी डलर पाउने गरेकोमा मन्ट्रियल महासन्धि लागू भएपश्चात् सो बीमाबापत एक लाख ६० हजार अर्थात् करिब पौने दुई करोड रुपियाँ पाउने ।

– सन् १९९९ मे २८ मा अन्तर्राष्ट्रिय हवाईयात्रुको सुरक्षासम्बन्धमा क्यानडाको मन्ट्रियलमा पारित नागरिक उड्डयनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई मन्ट्रियल महासन्धिका रूपमा चिनिने । सो महासन्धि सन् २००३ देखि कार्यान्वयनमा आएको ।

– संसारभरिका अन्तर्राष्ट्रिय उडानका वायुसेवा र हवाई यात्रुका लागि एउटै नियम र सर्त लागू गराउनु यस महासन्धिको उद्देश्य रहेको ।

**प्रस्तुतकर्ता : टङ्क केसी  Gorkhapatra**

# कर्मचारीको व्यवहार कस्तो ?




१. **सेवाग्राहीप्रति कर्मचारीको व्यवहार र आचरण के-कस्तो हुनुपर्छ ? लेख्नुहोस् ।**

✍ सेवाग्राही सेवा प्रापक हो, कर्मचारी सेवाप्रदायक हो । सेवाप्रदायकले सेवाग्राहीप्रति असल व्यवहार र आचरण प्रदर्शन गर्नुपर्छ । जुन निम्नअनुसार हुनुपर्छ :

- सेवाग्राहीको काम समयमै गर्नुपर्ने, समयमै काम हुन नसकेमा त्यसको आधार र कारण दिनुपर्ने,
- सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने, जवाफ दिँदा शिष्टतापूर्वक दिने,
- सेवाग्राहीप्रति उत्तरदायी रहने, सेवाग्राहीको हितलाई ध्यानमा राखी काम गर्ने,
- वृद्ध, अशक्त, अपाङ्ग, गर्भवती महिला, बालबालिका, असहायलाई प्राथमिकता दिनुपर्ने,
- सरल र सहज भाषामा सेवा दिने,
- सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बढाउने,
- सेवा प्राप्तिको प्रक्रिया, लाग्ने समय, लागतबारे सेवाग्राहीलाई यथासमयमै जानकारी गराउने,
- आफ्नो पदअनुसारको आचरण पालन गर्ने,
- निष्पक्ष रूपमा गुणस्तरीय सेवा प्रवाह गर्ने,
- छिटोछरितो सेवा प्रवाह गर्ने,
- सेवा प्रवाहमा पारदर्शिता र मितव्ययिता कायम गर्ने,
- आफ्नो परिचयपत्र र तोकिएको पोशाकसहित सेवा प्रवाह गर्ने ।

२. **सूचना प्रविधिको परिचय, नेपालमा गरिएको व्यवस्था र यसको महत्त्वबारे छोटकरीमा चर्चा गर्नुहोस् ।**

✍ सूचनाको व्यवस्थापन गर्न कम्प्युटर प्रणाली र यसको सफ्टवेयर, हार्डवेयर तथा इन्टरनेटलगायतका विद्युतीय उपकरणहरूको प्रयोग गर्ने कार्य सूचना प्रविधि हो । यो कम्प्युटरसँग सम्बन्धित कार्य हो, जसमा इन्टरनेट, सर्भर, हार्डवेयर, सफ्टवेयर, प्रिन्टर, टीभी, टेलिफोनजस्ता उपकरणहरूको प्रयोग गरिन्छ । यो हार्डवेयर तथा सफ्टवेयरहरूको डिजाइन हो । यो डाटा प्रोसेसिङको कार्य पनि हो ।

- यसले सूचनाको प्रशोधन, भण्डारण एवम् संरक्षणको कार्य गर्छ । यसले कार्यक्षमता बढाउन, लागत कम गर्न, स्रोत साधनको उच्चतम उपयोग गर्न तथा चुहावट एवम् हिनामिना रोक्न मद्दत गर्छ । यसबाट अनलाइन सेवा प्रदान गर्न, विद्युतीय सरकार, विद्युतीय व्यापार, विद्युतीय शिक्षा, विद्युतीय सिकाइ, विद्युतीय प्रवेशाज्ञाजस्ता अवधारणा लागू गर्न सकिन्छ । हरेक क्षेत्रमा स्वचालित प्रणालीको स्थापना गरी भ्रष्टाचार नियन्त्रण गर्न यसले मद्दत गर्छ । त्यसैले सूचना प्रविधिलाई भ्रष्टाचार नियन्त्रणको एक प्रमुख औजारको रूपमा लिन सकिन्छ ।

■ **नेपालमा गरिएको व्यवस्था**

- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन-२०६३ र विद्युतीय कारोबार नियमावली-२०६४ लागू गरिएको, यस ऐनले विविध व्यवस्था गरेको छ । कम्प्युटरसम्बन्धी कसुरहरूको व्यवस्था गरी उक्त कसुरको सुरु कारबाही र किनारा गर्न सूचना प्रविधि न्यायाधीकरणको गठनसम्बन्धी व्यवस्था गरेको छ । सूचना तथा सञ्चार प्रविधि नीति-२०७२ जारी गरिएको,
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र यसअन्तर्गत राष्ट्रिय सूचना प्रविधि केन्द्रको स्थापना,
- राष्ट्रिय सूचना आयोगको गठन,
- सूचनाको हकसम्बन्धी ऐन-२०६४ र नियमावली-२०६५ जारी गरिएको,
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका-२०६८ ल्याइएको ।

■ **सूचना प्रविधिको महत्त्व**

- विश्वलाई एक गाउँ बनाउन सहयोग पुग्ने,
- ज्ञानमा आधारित समाज निर्माणमा सहयोग पुग्ने,
- सूचना प्रविधिको उच्चतम उपयोगबाट पारदर्शिता बढ्ने, भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायममा सहयोग पुग्ने,
- नयाँ आविष्कारको आधार सूचना प्रविधि हुने,
- अन्तर्राष्ट्रिय प्रयास तथा विकासमा पहुँच पुग्ने,
- आर्थिक, सामाजिक एवम् व्यापारिक उद्योग एवम् प्रतिष्ठानको उत्पादन तथा उत्पादकत्व बढाउन मद्दत पुग्ने, ज्ञानमा आधारित उद्योग स्थापना हुने,
- रोजगारीको खोजी तथा सिर्जनामा सहयोग पुग्ने,
- अध्ययन अनुसन्धान एवम् लेखन कार्यमा सहयोग पुग्ने,
- प्राकृतिक प्रकोपको पूर्वतयारी, न्यूनीकरण तथा उद्धारमा सहयोग पुग्ने,
- सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन मद्दत पुग्ने ।

३. **लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिकाबारे उल्लेख गर्नुहोस् ।**

✍ जनताका प्रतिनिधिहरूद्वारा शासन चलाइने व्यवस्था लोकतन्त्र हो । राजनीतिक दल जनताका प्रतिनिधि भएकाले लोकतन्त्रमा शासन व्यवस्था चलाउने प्रमुख पात्र यिनै राजनीतिक दल हुन् । राजनीति सबै नीतिको मूल नीति भएको र समग्र मुलुकको प्रशासनिक नेतृत्वको अगुवाइसमेत भएकाले लोकतन्त्रमा राजनीतिक दलको भूमिका बहुआयामिक हुने गर्छ । जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

- जनताको प्रतिनिधि भई जनहितका कार्यहरू गर्ने,
- देश-विदेशमा देश र जनताको प्रतिनिधित्व गर्ने,
- देश, काल, परिस्थिति अनुकूल ऐन नियम तर्जुमा गर्ने, ऐन नियमको पूर्ण पालना गरी ऐन नियम कार्यान्वयन गर्न प्रशासनलाई पूर्ण सहयोग गर्ने,
- जननिर्वाचित भएर मुलुकको समग्र शासन व्यवस्थाको नेतृत्व गर्ने,
- देश र जनताप्रति गरेको प्रतिबद्धता इमानदारीपूर्वक पूरा गर्ने,
- लोकतन्त्र र मानवअधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने,
- दलगत र व्यक्तिगत स्वार्थमा नभई, राष्ट्रिय स्वार्थमा कार्य गर्ने, विकासमुखी राजनीतिक चरित्र निर्माण गर्ने,
- शान्ति सुरक्षा, स्थिरता, विकास, कानुनी शासन स्थापना गरी मुलुकमा सुशासन कायम गर्ने,
- समग्रमा लोकतन्त्रमा राजनीतिक दलहरूको भूमिका लोकतन्त्रको स्थापना गर्नेदेखि लोकतन्त्रको सुदृढीकरण हुँदै विकास एवम् समृद्धिमार्फत जनतालाई लोकतन्त्रको प्रतिफल उपलब्ध गराउनेसम्मको हुने गर्छ ।

४. **नेपालको संविधानमा राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी के-कस्तो नीति छ ? उल्लेख गर्नुहोस् ।**

४. **नेपालको संविधानमा राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी के-कस्तो नीति छ ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरूअन्तर्गत राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी निम्न नीतिको व्यवस्था गरिएको छ :

- राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,
- मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्दै विधिको शासन कायम राख्ने,
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने,
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने,
- आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने,
- सङ्घीय इकाइबीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने ।

५. **जनसङ्ख्या वृद्धि हुने कारणहरू के-के हुन् ? लेख्नुहोस् ।**

✍ जनसङ्ख्या वृद्धि हुने कारणहरू निम्न छन् :

- उच्च जन्मदर,
- चेतनाको कमी,
- कम उमेरमा विवाह,
- बहुविवाह,
- छोराको आस,
- धार्मिक अन्धविश्वास,
- परिवारनियोजनका कार्यक्रमहरूको कम प्रभावकारिता,
- बसाइँ-सराइ
- खुला सिमाना ।

६. **नेपाल परराष्ट्र सेवामा रहने नियोग र नियोग प्रमुखबारे छोटो परिचय दिनुहोस् ।**

✍ नेपाल परराष्ट्र सेवामा रहने नियोगले विदेशस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास, वाणिज्य दूतावास र नेपाल सरकारले समय-समयमा विदेशमा प्रतिनिधित्व गर्न खडा गरेको अन्य कुनै निकायलाई जनाउने व्यवस्था छ ।

■ त्यसैगरी नियोगमा निम्न नियोग प्रमुख रहने व्यवस्था छ :

(१) राजदूत,
(२) स्थायी प्रतिनिधि,
(३) महावाणिज्यदूत,
(४) कार्यवाहक राजदूत,
(५) कार्यवाहक स्थायी प्रतिनिधि,
(६) वाणिज्यदूत,
(७) नेपाल सरकारले तोकेका अन्य अधिकारीहरू ।

७. **नक्साको महत्त्वबारे उल्लेख गर्नुहोस् ।**

✍ पृथ्वीको सतह वा यसको कुनै निश्चित अंशलाई प्रतिनिधित्व गर्नका लागि कुनै कागज वा अन्य यस्तै वस्तुमा कोरिएको चित्र नक्सा हो । यसमा भौतिक पक्षलाई देखाउने नक्सालाई भौतिक नक्सा र राजनीतिक पक्षलाई देखाउने नक्सालाई राजनीतिक नक्सा भनिन्छ । ठाउँ अभावका कारण नक्सामा विभिन्न कुराहरू देखाउन सङ्केत प्रयोग गरिन्छ । सामान्यतया नक्सामा उत्तर दिशालाई माथि फर्काएर तयार पारिन्छ । नक्सा सूचनाको स्रोत हो । ज्ञानको भण्डार पनि हो । यसबाट धेरै कुराको जानकारी हुन्छ । यसको महत्त्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- उपलब्ध प्राकृतिक स्रोत साधन देखाउन, देशको जनसङ्ख्या वितरण प्रस्तुत गर्न,
- विकास निर्माण तथा सेवा सुविधाको विस्तार र सञ्चालनका लागि कार्यालयहरूको भौगोलिक अवस्था चित्रण गर्न,
- पर्यटकहरूलाई देशको भौगोलिक अवस्था, बाटोघाटो, सेवा सुविधा आदिका बारेमा जानकारी दिन, विद्यालय तथा विश्वविद्यालयमा अध्ययन अध्यापनका लागि सजिलो बनाउन,
- विश्व नघुमीकनै विश्वबारे विविध जानकारी हासिल गर्न ।

८. **जैविक विविधता संरक्षण गर्ने पाँचवटा उपायहरू उल्लेख गर्नुहोस् ।**

✍ जैविक विविधता संरक्षण गर्ने पाँचवटा उपायहरू निम्न छन् :

१. जीवित प्राणी एवम् वनस्पतिहरूको वासस्थान र तिनको वंशाणुगत गुणको संरक्षण गर्ने,
२. विभिन्न भौगोलिक क्षेत्रमा अवस्थित जैविक विविधताको अध्ययन अनुसन्धान गरी सोहीअनुसार संरक्षणका कार्यक्रम तर्जुमा गरी लागू गर्ने, यसमा स्थानीय सङ्घ संस्था, समुदायको सक्रिय सहभागिता बढाउने,
३. वन-जङ्गल जोगाउने, हरियाली बढाउने, वातावरण संरक्षण गर्ने,
४. वनसम्पदाको प्रयोगमा कटौती गरेर,
५. रासायनिक मल एवम् कीटनाशक औषधिको कम प्रयोग ।

९. **नेपालमा उपभोक्ता स्वास्थ्यमा देखिएका समस्याहरू के-के छन् ?**

✍ उपभोग्य वस्तुहरूको गुणस्तर, उपभोग अवधि, लाभ-हानिलगायत स्वास्थ्यसँग सम्बन्धित विषयहरूको जानकारी राख्नु उपभोक्ता स्वास्थ्य हो । नेपालका उपभोक्ताहरू यी विषयमा सचेत नहुनु ठूलो समस्या हो । स्वास्थ्य सचेतना एवम् ज्ञानको अभावले यससम्बन्धी विभिन्न समस्याहरू देखिएका छन् । जुन निम्न छन् :

- उपभोक्ताहरू आफ्नो स्वास्थ्यप्रति सजग नहुनु,
- वस्तु तथा सेवाको गुणस्तर पत्ता लगाउन नसक्नु,
- वस्तु तथा सेवाको उपभोग अवधि, लाभ-हानिलगायतका विषयमा पर्याप्त जानकारी नहुनु, वस्तु तथा सेवाको वास्तविक मूल्य थाहा नपाएर ठगिनु,
- उपभोक्ताहरू वस्तुको सही छनोट गर्न नसक्नु, उपभोक्ता शिक्षाको अभाव हुनु,
- उपभोक्ताहरूले आफ्नो अधिकार र दायित्वको ख्याल नगर्नु,
- उत्पादकलाई वस्तु तथा सेवाको गुणस्तरप्रति प्रतिबद्ध गराउन नसकिनु,
- उपभोग्य वस्तुको कृत्रिम अभाव एवम् कालो बजारी नियन्त्रण गर्न नसक्नु, जागरुक उपभोक्ताको अभाव हुनु । ■

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**